शिक्षा मन्त्रालय
छात्रबृत्ति शाखा
केशरमहल

www.scholrship.moe.gov.np र www.moe.gov.np
सम्पर्क फोन नं ०१४४१८१६९

## त्रिवि चिकित्साशास्त्र अध्ययन संस्थान तर्फ BNS र MLT बिषयहरुको छात्रबृत्तिमा अध्ययन गर्न कोटा रिक्त रहेकोले पुन: Online फाराम र दरखास्त पेश गर्ने सम्वन्धी अत्यन्त जरुरी सूचना

नेपाल सरकार शिक्षा मन्त्रालयलाई स्वदेशको त्रिभुवन विश्वविद्यालय अन्तर्गतका कलेजहरुबाट र विदेशबाट प्राप्त हुन आउने स्नातक तहका BNS र Bsc MLT विषयहरुमा निशुल्क, आशिंक तथा स-शुल्क छात्रबृतिमा अध्ययनका लागि छात्रबृत्ति सम्वन्धि नियमावली २०६० (छैठौं संशोधन २०७२) अनुसार योग्यता कायम गर्न मिति २०७३।०६।११ गते प्रकाशित सूचना अनुसार कायम भएको मिति २०७३।०८।१७ को MOE MERIT LIST र प्राथमिकता तोकी दरखास्त माग गरिएको मिति २०७३।०८।२२ गतेको प्रकाशित सूचना अनुसार पर्न आएको दरखास्तमा तोकिए अनुसारका उम्मेदवार नभएको कारण निम्न कलेजहरुमा निम्नानुसारको सिट रिक्त हुन आएकोले मिति २०७३।०६।११ को सूचनामा तोकिए बमोजिमको कागजातहरु संलग्न गरि मेरिट कायम गर्न पुन: Online फाराम भर्न र फाराम रुजु भई स्वीकृत भए पश्चात सो को प्रमाण सहित लिई कलेजको प्राथमिकता सहित खुलाई दरखास्त फाराम भर्न यस मन्त्रालयको मिति २०७३।०९।७ गतेको निर्णय अनुसार योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुबाट पुन: दरखास्त आव्हान गरिएको छ ।

प्राप्त भएको छात्रबृत्ति सिटमध्ये रिक्त रहेको सिटमा नियमानुसार ५५ प्रतिशत स्थान साधारण तर्फ र ४५ प्रतिशत स्थान सामुदायिक विद्यालयबाट प्रवेशिका परीक्षा उत्तीर्ण गरेका विपन्न देहायका समुदायका व्यक्तिहरुलाई आरक्षण गरी सो प्रतिशतलाई सतप्रतिशत कायम गरी तोकिए बमोजिमको प्रतिशतको आधारमा वितरण गरिनेछ । तर आरक्षण गरिएको स्थानमा सामुदायिक विद्यालयबाट प्रवेशिका परीक्षा उत्तीर्ण गरेका बिपन्न समुदायका ब्यक्ति उपलब्ध नभएमा नेपाल भित्रका अन्य विद्यालयबाट प्रवेशिका परीक्षा उत्तीर्ण गरेका सोही समुदाय भित्रका ब्यक्तिलाई आरक्षित स्थान प्रदान गरिनेछ र नेपाल भित्रका अन्य विद्यालयबाट प्रवेशिका परीक्षा उत्तीर्ण गरेका ब्यक्ति समेत उपलब्ध नभएमा साधारण समूहका विद्यार्थीलाई सो स्थान प्रदान गरिनेछ ।

१. आवेदनका लागि आवश्यक न्यूनतम योग्यता

  *क) शिक्षा मन्त्रालयमा जुन विषयको योग्यताक्रम कायमका लागि दरखास्त पेश गर्न चाहेको हो सोहि विषयको त्रिभुवन विश्वविद्यालय Institute of Medicine (IOM) महाराजगञ्जको मिति २०७३।०५।२५ वा २६ गते सञ्चालन गरेको प्रवेश परीक्षामा सहभागी भई उत्तीर्ण भएको हुनु पर्नेछ ।*

  *ख) जुन विषयमा दरखास्त दिन चाहेको हो सो विषय अध्ययन गर्न त्रिभुवन विश्वविद्यालयले तोकेको शैक्षिक योग्यतामा न्यूनतम पचास प्रतिशत अङ्क ल्याई उत्तीर्ण गरेको हुनु पर्नेछ ।*

२. दरखास्तको म्याद तथा माध्यम सम्वन्धी ब्यबस्था

मिति२०७३ पौष ११ गते देखि २०७३ पौष १७ गतेसम्म मन्त्रालयको वेवसाईट www.schlorship.moe.gov.np वा www.moe.gov.np मा अनलाईनबाट मन्त्रालयको योग्यताक्रम कायमका लागि दरखास्त दिन सकिने तथा निस्सा लिन एवम् कलेजको प्राथमिकताक्रम खुलाई दरखास्त मिति २०७३।०९।१८ र १९ गते कार्यालय समय भित्र छात्रबृत्ति शाखा केशरमहलमा स्वयम् उम्मेदबार उपस्थित भई दिन सकिने छ ।

३. राजस्व सम्वन्धी ब्यबस्था

Online Registration Number प्राप्त गरेका आवेदकहरुले राजस्व वापतको रकम रु १,०००।–( रु एक हजार) राष्ट्रिय बाणिज्य बैंक ठमेल शाखा वा छात्रबृत्ति शाखा, केशरमहलको परिसरमा रहेको बैक काउन्टरमा दाखिला गरी सो को भौचर दरखास्त दर्ता प्रमाणको निस्सा लिन तोकिएको मिति भित्र छात्रबृत्ति शाखामा बुझाउनु पर्नेछ ।

४. दरखास्त दर्ता प्रमाणको निस्सा लिन आउँदा अनिवार्य रुपमा पेश गर्नुपर्ने कागजातहरु :

क) साधारण समूह (General Group) : दरखास्त दर्ता प्रमाणको निस्सा बुझिलिन आउँदा उम्मेदवार आफै उपस्थित भई साथमा तोकिए बमोजिमका कागजातहरुको सक्कल सहित राजस्व बुझाएको सक्कलै भौचर, MOE Online Registration Conformation page, नागरिकता प्रमाण पत्र,IOM ले २०७३ साल आश्विन २५ वा २६ गते सञ्चालन गरेको सम्वन्धित विषयको परीक्षाको सक्कल प्रवेश पत्र लगायत देहायमा उल्लेख गरिएको कागजातहरुको फोटोकपी सिलसिलेवर रुपमा फाईलमा राखी फाईल बाहिर आफ्नो IOM को रोल नम्वर, Rank, विषय र MOE Online Registration Number, नाम थर बिषय उल्लेख गरी छात्रबृत्ति शाखा केशरमहलमा पेश गर्नु पर्नेछ।

- दरखास्त पेश गर्न चाहेको विषय अध्ययनका लागि त्रि.वि.ले तोके बमोजिमको १०+२ वा सो सरह; Diploma वा सो सरह उत्तीर्ण गरेको शैक्षिक योग्यताको Transcript, Original/ Provisional Certificate को प्रतिलिपि, नेपाल बाहिरको बोर्ड भए सम्वन्धित बोर्डबाट जारी गरिएको मार्कसिटका साथ Pass Certificate/degree awarded Certificate/ provisional Certificate/Migration Certificate को प्रतिलिपि।
- SLC को मार्कसिट र Original Certificate को प्रतिलिपि
- कम्तिमा १ बर्षको कार्यानुभव प्रमाण (BNS बिषयको लागि मात्र)
- नागरिकता र शैक्षिक योग्यताको प्रमाण पत्रमा नाम थर, जन्ममिति फरक भएमा एउटै ब्यक्ति भएको सम्वन्धित जिल्ला प्रशासन कार्यालयको सिफारिस पत्र ।

ख) सामुदायिक बिद्यालय तर्फको आरक्षण समूह (Community School Group) : (विपन्नताको सिफारिस, सरकारी विद्यालय सम्वन्धी सिफारिस, आरक्षित समुह सम्वन्धी प्रमाण समेत ३वटै प्रमाण पेश गर्न सक्ने उम्मेदवारका लागि) यस समूहमा आवेदन गर्न उम्मेदवारहरुले माथी साधारण समूह (General Group)का लागि तोकिएको कागजातका साथै निम्न कागजातहरु समेतको सक्कल प्रति सहितको फोटोकपी पेश गर्नु पर्नेछ ।

- एस.एल.सी. उत्तीर्ण गरेको विद्यालय सामुदायिक (सरकारी) हो भनि सम्वन्धित जिल्ला शिक्षा कार्यालयले प्रदान गरेको सिफारिस पत्र
- सम्वन्धित गाउँ विकास समिति वा नगरपालिकाले विपन्नताको कारण खुलाई छात्रबृत्ति सम्वन्धी नियमावली २०६० को अनुसुची १ ख अनुरुपको ढाँचामा मिति २०७३ आश्विन ९ गते पछि Online form भर्ने अन्तिम मिति सम्ममा जारी गरेको विपन्नताको सिफारिस पत्र ।
- आफू सम्वन्धित समुदायको ब्यक्ति भएको प्रमाणित हुने गरी निम्न निकायबाट प्रदान गरेको सिफारिस पत्र ।

ग) अन्य विद्यालय तर्फको आरक्षण समूह (Other School Group) : यस समूहमा दरखास्त पेश गर्ने उम्मेदवारहरुले माथी साधारण समूह (General Group) का लागि तोकिएका कागजातहरुका साथै आफू सम्वन्धित समुदायको ब्यक्ति भएको प्रमाणित हुने तोकिएको निकायको सिफारिस पत्रको सक्कल प्रति र १/१ प्रति फोटोकपी पेश गर्नु पर्नेछ ।

५ मन्त्रालयको नियमानुसार कायम भएको योग्यताक्रमको संक्षिप्त सूचना गोरखापत्र र विस्तृत सूचना मन्त्रालयको वेवसाईटमा प्रकाशन गरिने छ।

६ विपन्नको सिफारिस: तोकिए अनुसारको ढाँचामा विपन्नताको सिफारिस मिति २०७३।०९।९ देखि मिति २०७३।०९।१७ गते भित्र सम्वन्धित व्यक्ति बसोबास गरेको गाविस/नपा/उपनपा/मनपाको लेटरप्याडमा आधिकारिक व्यक्तिबाट प्रमाणित भएको हुनुपर्ने छ अन्यथा आवेदन आरक्षण तर्फ अस्वीकृत भई साधारण तर्फमात्र कायम हुने ब्यहोरा समेत जानकारी गराईन्छ ।

कलेजको नाम, कायम कुल सिट र रिक्त रहेको सिट संख्या

| क्र स | कलेजको नाम | विषय र सिट संख्या | | | |
|---|---|---|---|---|---|
| | | BNs | | BSC MLT | |
| | | जम्मा कोटा | रिक्त कोटा | जम्मा कोटा | रिक्त कोटा |
| १ | नेशनल मेडिकल कलेज विरगञ्ज | २ | २ | | |
| २ | यूनिभर्सल कलेज अफ मेडिकल साइन्सेज भैरहवा | | | १ | ० |
| ३ | चितवन मेडिकल कलेज चितवन | ४ | २ | | |
| ४ | गण्डकी मेडिकल कलेज, पोखरा | | | १ | ० |
| ५ | नेपाली सेना स्वास्थ्य विज्ञान संस्थान | ४ | ० | | |
| १२ | मनमोहन मेमोरियल ईन्सिच्यूट अफ हेल्थ साईन्सेज | ४ | १ | २ | १ |
| १३ | जनमैत्री फाउन्डेशन बालाजु | ३ | ३ | १ | १ |

| | | | | | |
|---|---|---|---|---|---|
| | जम्मा | १७ | ८ | ५ | २ |

पुनश्च : १ मिति २०७३।०९।८ गते प्रकाशित पूर्व मनोनयन भएका उम्मेदवारहरुको दावि विरोधबाट कलेज परिवर्तन हुन सक्ने भएकोले सिट रिक्त रहने कलेज परिवर्तन हुन सक्ने ब्यहोरा समेत जानकारी गराईन्छ ।

२ सूचनाको सम्वन्धमा थप केहि प्रष्ट हुन चाहेमा छात्रबृत्ति शाखा केशरमहलमा सम्पर्क राख्न सकिने छ ।